# रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम सार्वजनिक गरिएको विवरण

आ.व. २०८२।८३ मा बार्षिक (२०८२ साउन १ गते देखी २०८३ असर मसान्तसम्म) रुपमा सम्पादित प्रमुख क्रियाकलापहरुको स्वतः प्रकाशन

*स्वतः प्रकाशन गर्नुपर्ने सूचना*

## १.निकायको स्वरुप र प्रकृति

रघुगंगा गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम २०७३ साल फाल्गुण २७ गतेको राजपत्रमा सूचना प्रकाशित भई स्थापित मुलुकभरका ७५३ वटा स्थानीय तहमध्ये एक हो। यो गाउँपालिका एक स्वायत्त सरकारी निकाय हो, जसले स्थानीय शासन सञ्चालन गर्दै नागरिकलाई आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी वहन गर्दछ। यो गाउँपालिका गण्डकी प्रदेश अन्तर्गत म्याग्दी जिल्लाको लगभग मध्य भागमा अवस्थित छ । स्थानीय तह पुनः संरचना बमोजिम यस गाउँपालिकालाई तत्कालीन गा.वि.स.हरु बेगखोला, राखु भगवती, राखु पिप्ले, दग्नाम, झीँ, पाखापानी, चिमखोला, कुइनेमंगले गरी ८ वटा गा.वि.स.हरुलाई समावेश गरी १ गा.वि.स. १ वडाका दरले ८ वटै वडा कायम गरी रघुगंगा गाउँपालिकाको स्थापना गरिएको हो । ८,१६७ मिटरको उचाईमा रहेको नेपालको छैठौं अग्लो धवलागिरि हिमालको काख हुँदै रिखारको पवित्र तपोभूमी कुइनेमंगलेको सुन्दर बस्तीहरुबाट पिप्ले गलेश्वर हुँदै कालिगण्डकी नदिमा मिसिएर बग्ने रघुगंगा नदिको नामबाट रघुगंगा गाउँपालिकाको नामाकरण गरिएको हो । यस नदिले बेगखोला र भगवती वडा बाहेकका अन्य ६ वटा वडालाई छोएको छ । मध्य पहाडी क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश जमिन भिरालो र वन क्षेत्रले ओगटेको र केही भू-भाग खेतीयोग्य छ । रघुगंगा गाउँपालिकामा कृषि तथा पशुपालन व्यावसायिकताको अभिवृद्धिका कारण स्थानीय आर्थिक विकासमा प्रगति भएको छ ।

यस क्षेत्रको प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा साँस्कृतिक विविधताको उपयोगबाट विभिन्न अवसरहरू सिर्जना भएका छन् । भौगोलिक अवस्थितिका दृष्टिकोणले २८°२२'३०" देखि २८°४१'५२" उत्तरी अक्षांश र ८३°२५'१२" देखि ८३°३७'०३" पूर्वी देशान्तरसम्म फैलिएको यस गाउँपालिका समुद्र सतहबाट ८६१ मिटर देखि ६९६२ मिटर उचाइसम्म फैलिएको छ । यस गाउँपालिकाको क्षेत्रफल ३७९.१३ वर्ग कि.मी. रहेको छ भने कृषियोग्य जमिन र बस्तीका लागी उपयुक्त देखिएको जमिन ५२.०९ वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकाको पूर्वी सिमानामा अन्नपूर्ण गाउँपालिका र मुस्ताङ जिल्ला पर्दछन भने पश्चिममा धवलागिरी गाउँपालिका र मालिका गाउँपालिका रहेका छन । त्यसैगरी यस गाउँपालिकाको उत्तर दिशातर्फ धवलागिरी गाउँपालिका र मुस्ताङ जिल्लाले जोडेका छन भने दक्षिणमा मंगला गाउँपालिका, बेनी नगरपालिका र पर्वत जिल्लाको जलजला गाउँपालिकासँग यस गाउँपालिकाको सिमाना जोडिएको छ । यसरी यस गाउँपालिकाको म्याग्दी जिल्लाका सबै स्थानीय तहसँग सिमाना जोडिनुका साथै पर्वत जिल्ला र मुस्ताङ जिल्लाको सिमानासँग समेत यस गाउँपालिकाको सिमाना जोडिएको छ । कालीगण्डकी नदीको किनार देखि उपल्लो लेकाली भेगसम्म फैलिएको यस गाउँपालिकाको भूगोलमा सबै प्रकारको जलवायु

र जमिन उपलब्ध छ । कालिगण्डकी नदी, रघुगंगा खोला तथा अन्य मध्यमस्तरका खोला र खोल्साहरु, रहेकोले जलविद्युत तथा सिंचाई सुविधा विस्तारका लागि पर्याप्त अवसर सिर्जना गरेको छ । गाउँपालिका क्षेत्रभित्र रहेका धवलागिरी आइसफल, धवलागिरी सेन्चुरीमार्ग, झीँ, टोड्के, रुईसे, मालिका मन्दिर, वेगखोलाको लामो पुल, राखु भगवती मन्दिर, रानीपौवा, दर्मिजा तातोपानी कुण्ड, मण्डलीथान, रिखार मन्दिर लगायतलाई प्रमुख पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकेको खण्डमा यस गाउँपालिका पर्यटन क्षेत्रबाट उल्लेखनीय रुपमा अगाडी बढ्न सक्दछ ।

नेपालको संविधानले प्रत्याभूत गरेको संघीय संरचनाअनुसार यो गाउँपालिकाले स्थानीय स्तरमा नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार पाएको छ। गाउँपालिकाको संरचना निर्वाचित जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत तथा विभिन्न शाखा– एकाइहरूबाट बनेको हुन्छ। यस निकायले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, सामाजिक सुरक्षा, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन जस्ता क्षेत्रमा समन्वयात्मक भूमिका निर्वाह गर्दछ।

रघुगंगा गाउँपालिकाको प्रकृति सेवामुखी, विकासात्मक, सहभागितामूलक तथा जवाफदेही रहेको छ। स्थानीय स्रोत, साधन र आवश्यकतालाई आधार मानी विकास कार्यक्रम सञ्चालन गर्नु यसको प्रमुख विशेषता हो। नागरिकको सहभागितामा योजना छनोट गर्ने, पारदर्शिता कायम गर्ने र सुशासन प्रवर्द्धन गर्ने कार्यमा गाउँपालिका प्रतिबद्ध रहन्छ। साथै, स्थानीय स्तरमा आर्थिक विकास, रोजगारी सिर्जना र सामाजिक समावेशीतालाई प्राथमिकता दिँदै दीगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यले काम गर्दछ। यसरी रघुगंगा गाउँपालिका स्थानीय सरकारको रूपमा जनताको नजिकबाट सेवा प्रदान गर्ने महत्वपूर्ण निकायको रूपमा रहेको छ।

## २.निकायको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा ५७ अनुसूची ८ को एकल अधिकार र अनुसूची ९ को साझा अधिकारमा उल्लेखित अधिकार बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार रघुगंगा गाउँपालिकाको काम, कर्तव्य र अधिकार निर्धारण गरिएको छ। गाउँपालिकाले स्थानीय स्तरमा विकास योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने प्रमुख जिम्मेवारी वहन गर्दछ। शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, खानेपानी, सरसफाइ, स्थानीय सडक तथा पूर्वाधार निर्माण जस्ता आधारभूत सेवा उपलब्ध गराउनु यसको मुख्य कार्य हो। साथै,

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन, जन्म मृत्यु दर्ता, सिफारिस तथा प्रमाणपत्र वितरण, विपद् व्यवस्थापन, वातावरण संरक्षण र स्थानीय स्रोत–साधनको उपयोग गरी आर्थिक विकास प्रवर्द्धन गर्ने जिम्मेवारी पनि गाउँपालिकामा निहित हुन्छ।

गाउँपालिकालाई स्थानीय कर, शुल्क तथा राजस्व संकलन गर्ने अधिकार प्राप्त छ भने स्थानीय नीति, नियम र कार्यविधि निर्माण गर्ने अधिकार पनि प्रदान गरिएको छ। स्थानीय तहमा सुशासन कायम गर्ने, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने तथा नागरिक सहभागितामा योजना छनोट गर्ने कर्तव्य गाउँपालिकाले निर्वाह गर्नुपर्छ। साथै, संघ र प्रदेश सरकारसँग समन्वय गरी विकास कार्यक्रम सञ्चालन गर्ने, समावेशी तथा दिगो विकासलाई प्राथमिकता दिने र जनताको आवश्यकताअनुसार सेवा प्रवाह गर्ने अधिकार तथा दायित्व गाउँपालिकामा निहित रहेको छ।

**३.निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण ।**

| | स्वीकृत दरबन्दी | | पदपूर्ती भएको दरबन्दी | | रिक्त दरबन्दी | |
|---|---|---|---|---|---|---|
| | प्राविधिक | अप्राविधिक | प्राविधिक | अप्राविधिक | प्राविधिक | अप्राविधिक |
| प्रमुख प्रशासकीय अधिकृत | – | १ | – | १ | – | – |
| एघारौं तह | – | – | – | – | – | – |
| दशौं तह | – | – | – | – | – | – |
| नवौं तह | – | – | – | – | – | – |
| आठौं तह | – | – | – | – | – | – |
| सातौं तह | ५ | २ | ३ | १ | २ | १ |
| छैठौं तह | ११ | ३ | ५ | ३ | ६ | – |
| पाँचौ तह | २६ | ७ | २२ | ४ | ४ | ३ |
| चौथो तह | ४१ | ५ | ३८ | ५ | ३ | – |
| सहयोगी स्तर | – | ४१ | – | ४१ | – | – |
| जम्मा | ८३ | ५९ | ६८ | ५५ | १५ | ४ |
| जम्मा | १४२ | | १२३ | | १९ | |

## ४.निकायबाट प्रदान गरिने सेवा ।

रघुगंगा गाउँपालिकाबाट नागरिकलाई विभिन्न आधारभूत तथा प्रशासनिक सेवाहरू प्रदान गरिन्छ। गाउँपालिकाले व्यक्तिगत घटना दर्ता सेवा अन्तर्गत जन्म, मृत्यु, विवाह र बसाइँसराइ दर्ता तथा प्रमाणपत्र उपलब्ध गराउँछ। नागरिकता सिफारिस, नाता प्रमाणित, बसोबास प्रमाणित, आय प्रमाणित, विभिन्न सिफारिस पत्र जारी गर्ने जस्ता प्रशासनिक सेवा नियमित रूपमा प्रदान गरिन्छ। शिक्षा क्षेत्रअन्तर्गत विद्यालय व्यवस्थापन, छात्रवृत्ति सिफारिस तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिन्छ भने स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा, खोप कार्यक्रम तथा जनचेतना कार्यक्रम सञ्चालन हुन्छ। कृषि तथा पशुपालन प्रवर्द्धनका लागि तालिम, अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराइन्छ।

यसका अतिरिक्त खानेपानी, सरसफाइ, स्थानीय सडक निर्माण तथा मर्मत, सामाजिक सुरक्षा भत्ता वितरण, विपद् व्यवस्थापन सेवा, वातावरण संरक्षण तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन जस्ता सेवा पनि गाउँपालिकाबाट प्रदान गरिन्छ। उद्यम विकास, सहकारी प्रवर्द्धन, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि लक्षित कार्यक्रम सञ्चालन गरिन्छ। कर तथा राजस्व संकलन, योजना तर्जुमा र विकास कार्यक्रम कार्यान्वयनमार्फत गाउँपालिकाले स्थानीय जनतालाई सहज, पारदर्शी र प्रभावकारी सेवा प्रवाह गर्ने कार्य गर्दै आएको छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | स्थायी/करार | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | स्थायी | श्री कुलराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| २. | स्थायी | श्री पदम बहादुर भण्डारी | प्रशासकीय अधिकृत | |
| ३. | स्थायी | श्री अर्जुन गौतम | लेखा अधिकृत | |
| ४. | स्थायी | प्रेमचन्द्र प्रसाद जसवाल | जानस्वास्थ्य अधिकृत | |
| ५. | स्थायी | श्री उज्जवल खड्का | पशु विकास अधिकृत | |
| ६. | करार | श्री शिव बहादुर थापा | सूचना प्रविधि अधिकृत | |
| ७. | करार | श्री श्याम सरन कुर्मी | कृषि विकास अधिकृत | |
| ८. | करार | श्री मंगला भण्डारी | न्यायिक सहजकर्ता | |
| ९. | स्थायी | श्री योगेन्द्र बहादुर बानीयाँ | सहायक प्रशासकीय अधिकृत | |
| १०. | स्थायी | श्री दयाराम पौडेल | सहायक प्रशासकीय अधिकृत | |
| ११. | स्थायी | श्री कमल बहादुर चोखाल | इन्जिनियर | |
| १२. | करार | श्री पवित्रा भण्डारी | रोजगार संयोजक | |

| | | | | |
|---|---|---|---|---|
| १३. | स्थायी | श्री देवी कुमारी राना | अधिकृत छैटो / स्वास्थ्य | |
| १४. | स्थायी | श्री कृष्ण बरुवाल | सहायक लेखा अधिकृत | |
| १५. | स्थायी | श्री वुद्धिसागर शर्मा | सहायक कम्प्युटर अधिकृत | |
| १६. | स्थायी | श्री नहेन्द्र बहादुर क्षेत्री | सहायक शिक्षा अधिकृत | |
| १७. | स्थायी | श्री रेखा पाईजा | सहायक पाचौं | |
| १८. | स्थायी | श्री स्तुति पौडेल | पशु विकाश शाखा | |
| १९. | करार | श्री बसुता पुन | एम.आई.एस.अपरेटर | |
| २०. | करार | श्री गीता बरुवाल क्षेत्री | रोजगार सहायक | |
| २१. | करार | श्री पुजन चोखाल | रोजगार सहायक प्राविधिक | |
| २२. | करार | श्री खिमा बुढा मगर पुन | कार्यालय सहायक | |
| २२. | करार | श्री रमा खत्री | कार्यालय सहायक | |
| २४. | करार | श्री फुलमाया गर्बुजा | फिल्ड सहायक | |
| २५. | करार | श्री बिर बहादुर गर्बुजा | का.स. | |
| २६. | करार | श्री डोल बहादुर भण्डारी | का.स. | |
| २७. | करार | श्री पार्वती खत्री | का.स. | |
| **महेन्द्र राखु आयुर्वेद** | | | | |
| १. | स्थायी | श्री लक्ष्मण शर्मा चालिसे | कविराज निरीक्षक | |
| २. | करार | श्री उजेली कुमारी धानुक | वैद्य | |
| ३. | करार | श्री जमुना सुवेदी | का.स. | |
| **वडा नं. १ बेगखोला** | | | | |
| **क्र.सं.** | **स्थायी/करार** | **कर्मचारीको नाम** | **पद** | |
| १. | स्थायी | श्री कविता श्रेष्ठ | सहायक पाचौं/वडा सचिव | |
| २. | स्थायी | श्री राजेन्द्र बहादुर साउद | सव-इन्जिनियर | |
| ३. | करार | श्री सिता खड्का भण्डारी | ना.प्रा.स. कृषि/OVOT | |
| ४. | करार | श्री भिम प्रसाद पुन | ना.प.स्वा.प्रा./OVOT | |
| ५. | करार | श्री सिता फगामी | का.स./कम्युटर | |
| **वडा नं.२ भगवती** | | | | |
| १. | स्थायी | श्री बिस्न बहादुर भण्डारी | सहायक पाचौं/वडा सचिव | |
| २. | स्थायी | श्री गोविन्द कुमार सिंह | अ.सव.ईन्जिनियर | |
| ५. | स्थायी | श्री कविता शर्मा | नायब पशु स्वास्थ्य प्राविधिक | |
| ६. | स्थायी | श्री सुनिता वुढाथोकी | नायब पशु स्वास्थ्य प्राविधिक | |
| ७. | स्थायी | श्री धुर्ब खत्री | का.स. | |

| | | | | |
|---|---|---|---|---|
| ८. | करार | श्री माया अधिकारी शर्मा | का.स./कम्युटर | |
| ९. | करार | श्री जयन्ती कटुवाल क्षेत्री | का.स. | |
| **वडा नं.३ पिप्ले** | | | | |
| १. | स्थायी | श्री शारदा कुमारी शाही | सहायक पाचौं/वडा सचिव | |
| २. | स्थायी | श्री सन्ध्या रेग्मी | सव-इन्जिनियर | |
| ३. | करार | श्री सुजन वि.क. | ना.प.से.प्रा./OVOT | |
| ४. | करार | श्री सावित्री हमाल मल्ल | सामाजिक परिचालक | |
| ५. | करार | श्री थम कुमारी शाही | का.स./कम्युटर | |
| ६. | करार | श्री सरस्वती कार्की | का.स. | |
| **वडा नं.४ दग्नाम** | | | | |
| १. | स्थायी | श्री प्रताप कार्की | नायब पशु स्वास्थ्य प्राविधिक | |
| २. | स्थायी | श्री राजन थारु | अ.सव.ईन्जिनियर | |
| ३. | करार | श्री फुलमाया गर्बुजा | फिल्ड सहायक | |
| ४. | करार | श्री विर बहादुर बर्देवा | का.स. | |
| **वडा नं. ५ झी** | | | | |
| १. | स्थायी | श्री रञ्जना राई | सहायक पाचौं/वडा सचिव | |
| २. | स्थायी | श्री बिजय खड्का | नायब पशु स्वास्थ्य प्राविधिक | |
| ३. | करार | श्री अन्जु पाइजा पुन | का.स. | |
| **वडा नं.६ पाखापानी** | | | | |
| १. | स्थायी | श्री सन्तोष बोहरा | सहायक चौथो/वडा सचिव | |
| २. | स्थायी | श्री संजिव यादव | सव ईन्जिनियर | |
| ३. | स्थायी | श्री हिक्मत सार्की | प्रा.स. कृषि | |
| ४. | करार | श्री सबिता पाईजा पुन | ना.प.स्वा प्रा /ovot | |
| ५. | करार | श्री भिमा पुन पईजा | का.स./कम्प्युटर | |
| ६. | करार | श्री चन्द्र बहादुर चोचंगे | का.स | |
| **वडा नं.७ चिमखोला** | | | | |
| १. | स्थायी | श्री विकास पन्थी | सहायक पाचौं/वडा सचिव | |
| २. | स्थायी | श्री अर्जुन बोहरा | प्रा.स. | |
| ३. | स्थायी | श्री सुमन बहादुर बुढाथोकी | अ.स.ई | |
| ४. | करार | श्री सन्दिप दर्जी | ना.प.स्वा.प्रा./ovot | |
| ५. | करार | श्री भिम कुमारी गर्बुजा | का.स. | |
| **वडा नं. ८ कुइनेमङ्गले** | | | | |
| १. | स्थायी | श्री हिरा बहादुर खत्री | सहायक पाँचौ/वडा सचिव | |

| | | | | |
|---|---|---|---|---|
| २. | स्थायी | श्री चन्दन प्रसाद ईसर | अ.सव.ईन्जिनियर | |
| ३. | करार | श्री संगिता पुन छन्त्याल | का.स./कम्प्युटर | |
| ४. | करार | श्री रमिता छन्त्याल | का.स. | |

## ६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

### क) सेवा शुल्क :

| क्रस.ं. | मूल्याङ्कन | सेवा शुल्क रू. |
|---|---|---|
| १ | अचल सम्पत्ती मूल्याङ्कन | ०।१५% (प्रति हजार रु. १।५०) |
| २ | आयस्रोत प्रमाणित | ०।१०% (प्रति हजार रु. १) |
| १ | वंशजको नागरिकता सिफारिस | २५० |
| २ | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ३ | नागरिकताको प्रतिलिपि सिफारीस | ३०० |
| ४ | नागरिकताको संसोधन सहित प्रतिलिपी सिफारिस | ३५० |
| ५ | मिलापत्र शुल्क | ५०० |
| ६ | न्यायिक समितिको निवेदन दस्तुर | २०० |
| ७ | नाम संसोधननाम छुट तथा दुई नाम , सिफारिस | ३५० |
| ९ | नाबालक परिचय पत्र सिफारिश | ३०० |
| १० | घर नम्बरिङ्ग प्लेट कच्ची घर प्रति ) (गोटा | २०० |
| ११ | घर नम्बरिङ्ग प्लेट (पक्की घर) | ५०० |
| १२ | स्थलगत प्राविधिक सेवा शुल्क प्रति पटक | १५०० |
| १३ | स्थलगत सर्जमिन | ५०० |
| १४ | मुचुल्का प्रमाणित | २०० |
| १५ | प्रमाणिकरण दस्तुर | २०० |
| १६ | कृषि समूह दर्ता | ८०० (नविकरण प्रत्येक दुई वर्षमा रु.४००) |
| १७ | पशुपंक्षी समूह दर्ता | ८०० (नविकरण प्रत्येक दुई वर्षमा रु.४००) |

| | | |
|---|---|---|
| १८ | कृषि तथा पशुपंक्षी समूह दर्ता | २००० (नविकरण प्रत्येक दुई वर्षमा रु.४००) |
| १९ | अन्य विभिन्न समूह दर्ता | १००० (नविकरण प्रत्येक दुई वर्षमा रु.५००) |
| २० | सहकारी संस्था | ५००० (नविकरण प्रत्येक दुई वर्षमा रु. २२००) |
| २१ | परिक्षा आबेदन दस्तुर :<br>१) अधिकृतस्तर :<br>२) ना.सु. स्तर<br>३) खरिदार स्तर :<br>४) श्रेणी बिहिन र अन्य | <br>रु. १०००<br>रु. ८००<br>रु. ६००<br>रु. ४०० |

अ) <u>व्यक्तिगत घटना दर्ता</u>ः

| क्र.स. | घटना | बिलम्ब शुल्क | |
|---|---|---|---|
| १ | जन्म दर्ता | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन , २०७६ र ,नियमावली२०७७ बमोजिम हुनेछ । | |
| २ | मृत्यु दर्ता | | |
| ३ | विवाह दर्ता | | |
| ४ | बसाई सराई गरी आउने | | |
| ५ | बसाई सराई गरी जाने | | |
| ६ | प्रतिलिपि सबै घटनाको | | |
| ७ | सम्बन्ध विच्छेदको | | |

## ७.निर्णय गर्ने प्रक्रिया र अधिकारी

रघुगंगा गाउँपालिकामा निर्णय गर्ने प्रक्रिया प्रचलित कानुन, नियम र स्वीकृत कार्यविधिको आधारमा सञ्चालन गरिन्छ। विभिन्न शाखाबाट प्राप्त प्रस्ताव, निवेदन वा योजना सम्बन्धित प्राविधिक तथा प्रशासनिक मूल्याङ्कनपछि निर्णय प्रक्रियामा अघि बढाइन्छ। आवश्यक परेमा सम्बन्धित शाखा, समितिहरू तथा जनप्रतिनिधिसँग समन्वय गरी तथ्य संकलन र विश्लेषण गरिन्छ। यसरी तयार गरिएको प्रस्ताव कार्यालयको आन्तरिक प्रक्रियाबाट पारित गरिन्छ।

निर्णय गर्ने अधिकारीका रूपमा प्रमुख प्रशासकीय अधिकृत श्री कुलराज पौडेल रहनु भएको छ। उहाँले कानुनी प्रावधान, बजेट उपलब्धता र नीतिगत प्राथमिकतालाई ध्यानमा राखी अन्तिम प्रशासनिक निर्णय गर्नुहुन्छ। साथै आवश्यक विषयमा गाउँपालिका अध्यक्ष तथा कार्यपालिका बैठकसँग समन्वय गरी निर्णयलाई कार्यान्वयनमा ल्याउने व्यवस्था गरिन्छ, जसले पारदर्शिता र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दछ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

रघुगंगा गाउँपालिकामा निर्णयउपर उजुरी सुन्ने अधिकारीका रूपमा प्रमुख प्रशासकीय अधिकृत श्री कुलराज पौडेल रहनु भएको छ। गाउँपालिकाबाट भएका प्रशासनिक निर्णय, सेवा प्रवाहसम्बन्धी गुनासा वा अन्य विषयमा चित्त नबुझेका नागरिकले तोकिएको प्रक्रियाअनुसार उहाँसमक्ष उजुरी दिन सक्ने व्यवस्था गरिएको छ। उहाँले प्राप्त उजुरीहरूको निष्पक्ष रूपमा अध्ययन गरी सम्बन्धित शाखासँग समन्वय गरेर तथ्यपरक छानबिन गर्नुहुन्छ। साथै कानुन, नियम तथा प्रचलित कार्यविधिको आधारमा उचित निर्णय गरी नागरिकको हकहित संरक्षण गर्ने जिम्मेवारी निर्वाह गर्नुहुन्छ। यस प्रक्रियाले पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्न मद्दत पुर्‍याउँछ तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने उद्देश्य राखिएको छ।

## ९. सम्पादन गरेको कामको विवरण

बजेट तथा विनियोजन तर्फः

**चालु खर्चतर्फको संशोधित बजेटः** रु. ३६ करोड ५७ लाख १५ हजार ७ सय ९२

**पुँजीगत खर्चतर्फको संशोधित बजेटः** रु. १५ करोड ३४ लाख २७ हजार ८ सय २०

**कुल संशोधित बजेटः** रु. ५१ करोड ९१ लाख ४३ हजार ६ सय १२

राजश्व सङ्कलन तथा बजेट निकासा तर्फः

**चालु आ.व. को कुल निकासाः** चालु आ.व.को वार्षिक निकासा रु. ४६ करोड ३९ लाख ६५ हजार ८ सय १६ र ७१ पैसा रहेको छ । जसमध्ये चालु आ.व.मा आन्तरिक स्रोतबाट रु. १ करोड ४३ लाख ५९ हजार ९ सय ५५ र ४१ पैसा राजश्व सङ्कलन भएको छ । आन्तरिक स्रोतमध्ये अनधिकृत रुपमा ढुङ्गा गिट्टी बालुवा उत्खनन गरेबापत अनुगमनका आधारमा विभिन्न हाइड्रोपावरहरुलाई जरिवाना गरी सङ्कलन गरिएको रकम रु. ५३ लाख ५२ हजार रहेको छ भने गत आ.व.को बेरुजु बापत ७ लाख ५० हजार असुल गरी राजश्व दाखिला गरिएको छ ।

## बजेट खर्च तर्फ

**चालु बजेट खर्चः** चालु आ.व.मा रु. ३० करोड ८३ लाख ६६ हजार ३६ र ९४ पैसा खर्च भएको छ । जुन चालु बजेटको ८४.३१ प्रतिशत वित्तीय प्रगती हुन आउँछ ।

**पूँजीगत बजेट खर्चः** रु. ९ करोड ८९ लाख २७ हजार ५ सय ५ र १ पैसा खर्च भएको छ । जुन पूँजीगत बजेटको ६४.४७ प्रतिशत वित्तीय प्रगती हुन आउँछ ।

**कुल बजेट खर्चः** रु. ४० करोड ७२ लाख ९३ हजार ५ सय ४१ र ९५ पैसा अर्थात कुल बजेटको ७८.४५ प्रतिशत वार्षिक वित्तीय प्रगती हासिल भएको छ ।

यस गाउँपालिकाको बजेट तथा कार्यक्रम कार्यान्वयनमा न्यून आन्तरिक आय, प्राथमिकताका क्षेत्रमा पर्याप्त लगानी गर्न नसकिनु, सीमित स्रोत-साधनबाट बढ्दो जनअपेक्षा सम्बोधन गर्नु, इन्धनमा भएको मूल्यवृद्धिका कारण योजना कार्यान्वयनमा असहजता हुनु, जोखिमयुक्त र विकट भौगोलिक अवस्थाका कारण शिक्षा, स्वास्थ्य र पूर्वाधार विकास लगायतमा लागत उच्च रहनु, उपभोक्ता समितिको कमजोर निर्माण कार्यक्षमता प्रमुख चुनौतीका रूपमा रहेका छन् तथापि कृषि, उद्योग तथा उद्यम विकासका लागि आवश्यक स्थानीय स्रोत-साधनको उपलब्धता, धार्मिक तथा साँस्कृतिक जीवन्तता, पर्यटन र प्राकृतिक सम्पदाको प्रचुर सम्भावना, नदीजन्य पदार्थको उपलब्धता, सञ्चालनको अन्तिम चरणमा रहेका जलविद्युत आयोजना र त्यसबाट प्राप्त हुने रोयल्टी, कर्मशील र सहयोगी जनता, विदेशमा रहनु भएका परोपकारी स्थानीय जनतालाई गाउँपालिकाको विकासको अवसरको रुपमा लिइएको छ ।

माथी उल्लेखित चुनौतीलाई व्यवस्थापन गर्दै अवसरको उपयोग मार्फत यस गाउँपालिकाको आधारभूत ऐन, नियम, मापदण्ड तथा कानूनहरुको निर्माण, संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत, आधारभूत भौतिक संरचनाहरु गाउँपालिकाको केन्द्रिय प्रशासकीय भवन, वडा कार्यालयहरुका भवन, विभिन्न आमा समूह र लक्षित समूह तथा क्लवहरुका भवन, सबै टोलटोलमा पुग्ने सडक संरचना, सडक पुल निर्माण, नदी कटान नियन्त्रण तथा बाँध निर्माण, विद्यालय र स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईका आधारभूत भौतिक संरचना निर्माण, खेलमैदान निर्माण तथा खेल क्षेत्रको उत्थान, सडक बत्ती र ढल निकास, पर्यटन प्रवर्द्धन, उद्यमशीलता र सीपमूलक तालिम, कृषि यान्त्रिकीकरण, पशु विकास प्रवर्द्धनका आधारभूत संरचनाहरुको निर्माण एवम् विकास, शीतगृह भण्डार र सिँचाईं संरचनाको विकास, खानेपानी, स्वच्छता तथा सरसफाई योजना र खानेपानीको आधारभूत भौतिक संरचना निर्माण, भूमी व्यवस्थापनको आधारभूत कार्य लगायतका सम्पूर्ण आधारभूत संरचनाहरु

निर्माणमा केन्द्रित भई कार्यक्रम सञ्चालन गरिएको थियो । यी कार्यक्रमहरुले आगामी वर्षहरुमा आधारभूत संरचनामा ठूलो परिमाणमा खर्च गर्नु नपर्ने कारण कृषि, उद्योग, पर्यटन, व्यापार व्यवसाय, रोजगार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, वातावरण संरक्षण तथा नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने कार्यक्रमहरुमा पर्याप्त लगानीको लागि आधार सुनिश्चितता हुने विश्वास लिइएको छ ।

अब म चालु आर्थिक वर्ष २०८२।८३ मा सम्पादन भएका योजना, कार्यक्रम र सेवा प्रवाहको संक्षिप्त विवरण पेस गर्दछु ।

- ❖ चौंथो त्रैमासिकसम्मको सामाजिक सुरक्षा भत्ता रकम सम्पूर्ण लाभग्राहिको बैंक खातामा उपलब्ध गराई सकिएको छ भने बैंकसँगको समन्वयमा पहिलो त्रैमासिकमा १,३१३ जना लाभग्राहीको हात हातमै, दोस्रो त्रैमासिकमा १,५८४ जना लाभग्राहीको हातहातमा, तेस्रो त्रैमासिकमा १,५९२ जना लाभग्राहीको हातहातमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ भने चौंथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम श्रावण १० गतेभित्र सम्पन्न गरिनेछ ।
- ❖ Biometric तथा Iris Device मार्फत आ.व २०८२।०८३ मा गाउँपालिकाका ८ वटै वडाहरुमा जम्मा १४५० जना लाभग्राही रुजु तथा पहिचान गरिएको छ ।

  गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु निरन्तर रुपमा प्रवाह भइरहेको जानकारी गराउन चाहन्छु । जसअनुसार चालु आ.व. २०८२।८३ मा गाउँपालिका तथा गाउँपालिकाका ८ वटै वडा कार्यालयहरु मार्फत निम्न बमोजिमका पञ्जिकरणसँग सम्बन्धित सेवा प्रवाह भएको जानकारी गराउँदछु ।

निम्नः

१. जन्मदर्ताः ३३३
२. मृत्युदर्ताः २१५
३. विवाहदर्ताः २१४
४. सम्बन्ध विच्छेदः ६९
५. बसाईंसराईः आउनेः दर्ता संख्या ६, सदस्य संख्या २४, जानेः दर्ता संख्या २७, सदस्य संख्या ९८ गरी जम्मा ८६५

**❖ न्यायिक समिति बाट सम्पादन भएको उजुरीको अवस्था :**

- गत आ.व. बाट जिम्मेवारी सरी आएको उजुरी संख्या : १
- गत आ.व. को फछ्यौंट हुन बाँकी उजुरी सङ्ख्याः ०

- चालु आ.व. मा दर्ता हुन आएका उजुरी सङ्ख्याः ८
- चालु आ.व.मा फछ्र्यौट भएका उजुरी सङ्ख्याः ९
- अब फछ्र्यौट हुन बाँकी उजुरी सङ्ख्याः ०
- गाउँपालिका भित्रका ८ वटै वडामा न्यायिक सचेतना कार्यक्रम सञ्चालन भएकोमा २९८ जना नागरिकले कानूनी तथा न्यायिक प्रक्रियाबारे जानकारी लिई समाजमा न्यायिक सहजीकरणमा सहयोग पुगेको ।
- आव २०८२।०८३ मा १० वटा कार्यविधि निर्माण भई कार्यान्वयनमा लगिएकोछ ।

❖ <u>योजना कार्यान्वयनतर्फः</u>

चालु आ.व. को जम्मा संशोधित योजना संख्याः १६३

उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजना संख्याः १४२

ठेक्का मार्फत कार्यान्वयन भएका योजना संख्याः १०

सम्झौता नभएका योजना संख्याः ११

सम्झौता भई कार्यसम्पन्न भएका योजना संख्याः १४८

क्रमागत रुपमा कार्यान्वयन हुने योजना संख्याः ४

❖ संघीय सरकारको विशेष अनुदानतर्फबाट कार्यान्वयन भएको मुक्तिधाम मा.वि. प्राविधिक धारतर्फको छात्रावास भवन निर्माण सम्पन्न भएको छ ।

❖ गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य गत आ.व.को काम सम्पन्न भई चालु आ.व.को बाँकी कामका लागि करिब ७ करोड ८२ लाख बराबरको निर्माण कार्यादेश दिई आगामी आर्थिक वर्ष पौष मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

❖ गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित समपुरक कोष र गाउँपालिकाको समपुरक बजेटको साझेदारी सहितको रु. १ करोड ६० लाख बजेटबाट राखु बेग सडक निर्माण कार्य सम्पन्न भएको छ ।

❖ संघीय सरकारबाट हस्तान्तरित समपुरक कोष र गाउँपालिकाको समपुरक बजेटको साझेदारीमा रु. १ करोड बजेटबाट सम्पन्न हुने भगववती मैदान-बेगखोला-बेगदेउराली-बाँदुक-तिप्ल्याङ सडकको २० प्रतिशत कार्य सम्पन्न भएकाले बाँकी कार्यका लागि म्याद थप गरिएको छ ।

❖ वडा नं. ५ झीँ मा झीँ सामुदायिक विकास केन्द्र (झीँ अम्ब्रेला हाउस) को भवन निर्माण कार्यको लागि करिब रु. ४७ लाख को ठेक्का सम्झौता भई कार्यादेश दिइएको छ ।

- ❖ १ नं. वडा कार्यालयको सभाहल करिब रु. ३२ लाख बजेटबाट निर्माण सम्पन्न भएको छ ।
- ❖ गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदानबाट चिमखोला आधारभूत विद्यालयको भवन निर्माणका लागि रु. ३८ लाख रुपैयाँको बजेटबाट निर्माण सम्पन्न भएको छ ।
- ❖ गाउँपालिका अन्तर्गतका शाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुमा विद्युत तथा मेशीनरी सामानहरुमा भएको समस्या र सेवा प्रवाहमा भएको कठिनाईलाई समाधान गरिएको छ ।

- ❖ चालु आ.व.मा ६ वटा ३.३५ कि.मि. नयाँ मोटरबाटो निर्माण, ३ वटा मोटरबाटो ०.४० कि.मि. ढलान, २४ वटा ३.१२ कि.मी. गोरेटोबाटो/पदमार्ग निर्माण, १२ वटा खानेपानी तथा ढल निकास, ४ वटा खेलकुद मैदान, विद्यालय घेराबार तथा फाइबर बोर्ड वितरण, १ वटा कभर्डहल निर्माण, १ वटा पोखरी निर्माण, १४ वटा भवन निर्माण तथा घेराबार, ८ वटा विद्यालय मर्मत संरक्षण तारबार तथा रङ्गरोगन, ४ वटा मठमन्दिर निर्माण तथा मर्मत, ४ वटा शौचालय निर्माण, २ वटा मरेघाट निर्माण, २२ वटा ३४.३४ मोटरबाटो मर्मत, ४ वटा फोहोर व्यवस्थापन खाडल निर्माण र १/१ वटा कटिङ्ग ढुङ्गा छाप्ने कार्य, बस्ती संरक्षण, दृष्टिविहिन विद्यालयमा छात्रबास व्यवस्थापन, स्वास्थ्य चौकीमा फोहोर पोल्ने खाडल निर्माण, गरिबी निवारणका कार्यक्रम, तटबन्धन निर्माण, विद्यालयमा डिजिटल बोर्ड, कतर खोला पुल निर्माण र गाउँपालिकाको डकुमेन्ट्री निर्माण योजना लगायत जम्मा १४८ वटा योजनाहरु सम्पन्न भएका छन् ।
- ❖ गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सम्बन्धी कार्ययोजना निर्माण कार्य सम्पन्न भएको छ ।
- ❖ कर्मचारीहरुका लागि क्षमता विकासका विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन्।
- ❖ पशु सेवा शाखाबाट तेस्रो चौमासिकको लागि पशु औषधी खरिद गरी सबै वडाहरुमा र सेवा केन्द्रहरुमा औषधी पुऱ्याई सकिएको छ ।
- ❖ e-Bid मार्फत औषधि खरिद गरी सम्पूर्ण स्वास्थ्य चौकी तथा स्वास्थ्य संस्थाहरुमा आवश्यकता बमोजिमको औषधी पर्याप्त मात्रामा पुईऱ्याइसकिएको छ भने स्वास्थ्य सम्बन्धी जनचेतनामूलक, दिवशीय तथा अन्य विभिन्न नियमित कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन भइरहेको जानकारी गराउँदछु ।
- ❖ गाउँपालिका अन्तर्गतका ८ वटा स्वास्थ्य चौकी तथा १० वटा सामुदायिक स्वास्थ्य इकाईबाट २२,०४४ जना लाभग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको साथै खोप क्लिनिक बाट ७२२ गाउँघर क्लिनिकबाट १,३३५ महिला सामुदायिक

स्वास्थ्य स्वयंसेविकाबाट ८,०६९ जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

- ❖ अध्यक्षसँग ज्येष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिएकोमा जम्मा ४,२०० जना लाभग्राहीहरुले सेवा प्राप्त गर्नुभएको छ ।
- ❖ उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी पोषण प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी ३९३ क्यारेट अण्डा वितरण गरिएको जसबाट ८१ जना सुत्केरी र १३३ जना गर्भवती महिलाहरु लाभान्वित हुनुभएको छ ।
- ❖ विद्यार्थीसँग स्वास्थ्यकर्मी कार्यक्रम अन्तर्गत रघुगंगा गाउँपालिकाका ३४ वटा विद्यालयहरुमा १,६४५ जना विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गरिएको साथै वडा नं २ स्थित ५ वटा विद्यालयहरुमा औषधी सहित फस्ट एड बक्स वितरण गरिएको छ ।
- ❖ ग्रामिण अल्ट्रासाउण्डबाट ५१ जनालाई सेवा प्रदान गरिएको छ ।
- ❖ क्षयरोग खोजपड्ताल कार्यक्रम सञ्चालन गरी १२१ जनाको स्क्रिनिङ्ग गरिएको छ ।
- ❖ गाउँपालिका अन्तर्गतका ५० जना दीर्घरोगीहरुलाई मासिक रु ५,००० का दरले औषधी उपचार खर्च उपलब्ध गराइएको छ ।
- ❖ गाउँपालिकाको एम्बुलेन्स सेवालाई सञ्चालनमा ल्याई सुचारू अवस्थामा राखिएको छ । यस वर्षमा २४ जनाले सेवा लिएका छन् ।
- ❖ चालु आर्थिक वर्षमा रघुगंगा गाउँपालिका क्षेत्रभित्र उपभोक्ता हित संरक्षण, बजारमा स्वस्थ प्रतिस्पर्धाको प्रवर्द्धन तथा प्रचलित कानुन बमोजिम वस्तु तथा सेवाको गुणस्तर, मूल्य, नापतौल, म्याद, लेबलिङ तथा व्यवसाय दर्तालगायतका विषयमा नियमित बजार अनुगमनका क्रममा १३५ वट पसलहरुमा रु. १,०८,९३७.०० बराबरको अखाद्य वस्तुहरु नष्ट गरिएको गरिएको छ । अनुगमनका क्रममा व्यवसायीहरूलाई कानुनी व्यवस्था तथा उपभोक्तामैत्री व्यवसाय सञ्चालन सम्बन्धी आवश्यक सचेतना प्रदान गरिएको, देखिएका कमीकमजोरीहरू तत्कासल सुधार गर्न निर्देशन दिइएको तथा उपभोक्ता हित संरक्षणलाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र अनुगमन कार्यलाई निरन्तरता दिइएको छ ।
- ❖ चालु आर्थिक वर्षमा वडा नं. ३ वडकार्यालयबाट प्रदान गरिने सेवाहरूलाई थप व्यवस्थित, पारदर्शी, सहज तथा सेवाग्राहीमैत्री बनाउन टोकन प्रणालीमार्फत सेवा प्रवाहको सुरुवात गरिएको छ ।
- ❖ गाउँपालिका कार्यालय र वडा कार्यालयहरुबाट सेवाग्राहीहरुलाई आवश्यक पर्ने कागजातहरुको फोटोकपी तथा प्रिन्ट गर्ने कार्य कार्यालयबाट नै गर्ने व्यवस्था मिलाइएको छ ।

- प्रत्येक वडा कार्यालयहरुमा वडा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको नयाँ संशोधित संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको भूमि व्यवस्था शाखाबाट २२ जना जग्गाधनीको ३८ कित्ता र सार्वजनिक र सरकारी जग्गाको २ कित्ता जग्गाको फिल्ड रेखाङ्कन गर्ने काम सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको राजश्व सङ्कलन प्रणालीलाई सेवाग्राहीमैत्री बनाउन क्युआर (QR) प्रणाली प्रभावकारी बनाइएको छ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामग्री वितरण कार्यक्रम अन्तर्गत Spinal Injury हुनुभएका १ जनालाई Wheel Chair र अन्यलाई वैशाखी र सेतो छडी तथा श्रवण यन्त्र वितरण गरिएको छ । साथै स्वरोजगारका लागि बिउ पूँजी बापत अपाङ्गता भएका व्यक्तिलाई ८ वटा बाख्रा वितरण गरिएको छ ।
- ज्येष्ठ नागरिक सिप/ अनुभव पुस्तान्तरण कार्यक्रम अन्तर्गत १५० जना ज्येष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण गरी ज्येष्ठ नागरिक दिवस मनाइएको छ ।
- गाउँपालिकाभित्रका ७६ जनाको सहभागीतामा घरेलु हिंसा, यौनिक हिंसा तथा लैङ्गिक हिंसा निवारण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन सम्पन्न भएको छ ।
- विभिन्न वडाहरुमा रहेका सहकारी संस्थाहरुको अनुगमन गरी सहकारी समस्या आउन नदिन र समस्या समाधान गर्न आवश्यक सुझाव, सल्लाह, परामर्श दिइएको छ । साथै गाउँपालिकाका ८ वटै वडाका सहकारी संस्थाका पदाधिकारी र प्रबन्धकहरुलाई सहकारी सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- गाउँपालिकाका ८ वटै वडाहरुमा ६०० जना भन्दा बढी कृषकहरुलाई १४ किसिमका उन्नत तरकारी बीउ निःशुल्क रुपमा वितरण सम्पन्न गरिएको छ ।
- गाउँपालिकाका १६ वटा कृषि फर्म र समूहहरुलाई १५० रोपनी क्षेत्रफलका लागि ९०० केजी उन्नत जातको गहुँको बिउ ७५ प्रतिशत अनुदानमा वितरण सम्पन्न गरिएको छ ।
- गाउँपालिकाका २४ वटा फर्म र समूह छनौट भएकोमा २१ वटा फर्मसँग सम्झौता गरी ७५ प्रतिशत अनुदानमा सिंचाई पोखरी निर्माण, मर्मत सिंचाई ड्रम सिंचाई पाईप र इन्टेक निर्माण कार्य सम्पन्न गरिएको छ ।
- गाउँपालिकाबाट ३६ वटा फर्म र समूह छनौट भएकोमा ३४ वटा फर्मसँग सम्झौता गरी ७५ प्रतिशत अनुदानमा १७ वटा मिनीटिलर (पेट्रोल तथा डिजल), २ वटा थ्रेसर, २ वटा च्यापकटर र १३ वटा कुटानी पिसानी मिल वितरण सम्पन्न गरिएको छ ।

❖ चालु आवमा वडा नं. ८ घ्याँसीखर्कमा ३२ जनालाई आलुखेती सम्बन्धी स्थलगत तालिम, वडा नं. ६ पाखापानीमा ३१ जनालाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी १ दिने स्थलगत तालिम, वडा नं १ बेगखोलामा ४२ जनालाई सुन्तला खेती व्यवस्थापन तथा सुदृढिकरण सम्बन्धी १ दिने स्थलगत तालिम र वडा नं. २ भगवतीमा २८ जनालाई सुन्तला खेती व्यवस्थापन तथा सुदृढिकरण सम्बन्धी १ दिने स्थलगत तालिम सञ्चालन गरी जम्मा १३३ जना कृषकहरुले तालिम प्राप्त गरेका छन ।

❖ गाउँपालिकाका १८ वटा फर्म र समूह छनौट भएकोमा १६ वटा फर्मसँग सम्झौता गरी ५० प्रतिशत अनुदानमा गोला सहितको मौरी खाली घार, टोपी, पञ्जा, रानीगेट, फिडर, स्टयाण्ड, धुँवादानी र अन्य सामाग्रीहरु वितरण सम्पन्न गरिएको छ ।

❖ विषादी सचेतना कार्यक्रम सञ्चालन गरी २२ जना किसान र १४ जना कृषि विद्यार्थी र प्रशिक्षक गरी जम्मा ३६ जनालाई विषादी सुरक्षित प्रयोग सम्बन्धी सचेतनामूलक कार्यक्रममा पिपिसेट निःशुल्क वितरण गरिएको छ ।

❖ बङ्गुरको खोर सुधारका लागि ५० प्रतिशत अनुदानमा २ वटा फर्मलाई अनुदान प्रदान गरिएको छ ।

❖ पशु औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद कार्यक्रममा करिब १५,००० वटा पशुपंक्षीहरुलाई निशुल्क उपचार सेवा प्रदान गरिएको छ ।

❖ पशु विकास शाखाबाट हिउँदे घाँसको बिउ निःशुल्क रुपमा १,८९० केजी जै घाँसको बिउ वितरण सम्पन्न गरिएको छ ।

❖ घुम्तीगोठका भेडाबाख्रालाई आन्तरिक तथा बाह्य परिजिवी विरुद्धको औषधी वितरण कार्यक्रममा करिब ५० घरधुरीका २,५०० भेडाबाख्रालाई औषधी वितरण सम्पन्न गरिएको छ ।

